**केन्द्रीय दैवी प्रकोप उद्धार समितिको मिति २०७३।६।१९ गते वसेको बैठकका निर्णयहरु :**

**एजेण्डा : १** बाढी पहिरो पिडितलाई राहत स्वरुप रु. १५०००। रकम तत्काल प्रदान गर्ने सम्बन्धमा ।

**निर्णय :**

क) २०७३ साल वैशाख १ गते देखि २०७३ आश्विन १८ गतेसम्म देशका विभिन्न जिल्लाहरुमा आएको बाढी पहिरोबाट पूर्ण रुपमा घर क्षति भएका र अन्यत्र वसोवास गर्न आफ्नै घर नभएका भनी जिल्ला दैवी प्रकोप उद्धार समितिले एकिन गरेका पीडित परिवारहरुको लागि मात्र थप राहत वापत प्रति परिवार रु. १५०००। (पन्ध्र हजार) सम्वन्धित जिल्ला दैवी प्रकोप उद्धार समितिहरु मार्फत भुक्तानी दिन नेपाल सरकार (मन्त्रिपरिषद) समक्ष सिफारिश गर्ने निर्णय गरियो ।

ख) विद्यमान मापदण्ड अनुसार रु. १०,००० राहत रकम उपलब्ध गराउने प्रावधान प्रकोप पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड २०६४ मा रहेकोले माथि प्रकरण क मा उल्लिखित निर्णयलाई समेत आधार मानी उक्त राहत सम्वन्धी मापदण्डलाई समयानुकुल वनाउन संशोधनका लागि तत्काल प्रक्रिया अगाडी बढाउने ।

**एजेण्डा : २** प्युठान जिल्लामा बाढी पहिरोबाट क्षतिग्रस्त भएका सडक, सिंचाई तथा खानेपानीको भौतिक पूर्वाधार पुनर्निर्माण सम्वन्धमा ।

**निर्णय :**

क) प्युठान जिल्लामा बाढी पहिरोबाट क्षतिग्रस्त भएका सडक, सिंचाई तथा खानेपानीको भौतिक पूर्वाधार पुनर्निर्माणका लागि वास्तविक तथ्यांक सम्वन्धित जिल्लास्थित कार्यालयहरुले लागत अनुमान समेत तयार गरी गराई जिल्ला दैवी प्रकोप उद्धार समितिले पुनर्निर्माण कार्य अगाडी बढाउन सम्वन्धित निकायहरुलाई सिफारिश गरी पठाउने र सो को जानकारी गृह मन्त्रालयलाई गराउने ।

ख) विपदबाट क्षति भएका भौतिक पूर्वाधारहरुको पुनर्निर्माणको सम्वन्धमा सम्वन्धित जिल्ला दैवी प्रकोप उद्धार समितिबाट लागत अनुमान सहित सिफारिश भइ आएपछि केन्द्रीय दैवी प्रकोप उद्धार समितिको सदस्य सचिवले सम्बन्धित निकायलाई तत्काल कार्यान्वयनका लागि पठाउने र सो को अनुमोदनका लागि केन्द्रीय दैवी प्रकोप उद्धार समितिको वैठकमा पेश गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय

**एजेण्डा** : ३ कैलाली जिल्ला अत्तरिया नगरपालिका वडा नं १३ मा मिति २०७२ चैत्र १४ गते भएको आगलागीमा परी घाइते भएका खगेश्वर राज भट्टलाई औषधी उपचार खर्च दिने तथा साही घटनाका आगलागी पिडित प्रेमराज भट्ट सहित ८ जनालाई राहत प्रदान गर्ने सम्वन्धमा ।

**निर्णय** : कैलाली जिल्ला अत्तरिया नगरपालिका वडा नं १३ मा मिति २०७२ चैत्र १४ गते भएका आगलागीमा परी घाइते भएका खगेश्वर राज भट्टलाई सम्बन्धित चिकित्सकले प्रमाणित गरेको विल वमोजिमको बढीमा रु. १,८५,००० रकम सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत उपलब्ध गराउन नेपाल सरकार (मन्त्रिपरिषद) समक्ष सिफारिश गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय